# सिद्धार्थ बैंक बि. एण्ड बि. अस्पताल परिसरमा

सिद्धार्थ बैंक लिमिटेडले बि. एण्ड बि. अस्पताल परिसरमा २०६५, श्रावण १५ गते देखि एक्सटेन्शन काउन्टर सेवा शुभारम्भ गरेको छ । अस्पतालमा आउने सर्वसाधारण, अस्पताल प्रशासन एवं कर्मचारीहरुलाई सर्वसुलभ बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्ने उद्देश्यले बैंकले उक्त काउन्टर सेवा सञ्चालनमा ल्याएको हो ।

देशका बढि भन्दा बढि स्थानमा सेवा विस्तार गर्दै जाने योजना अनुरुप हाल काठमाण्डौ भित्र ३ र काठमाण्डौ बाहिर ४ गरि कुल ७ शाखाहरु माफर्त सेवा प्रदान गर्दै आएको मा चालु आ.व. को प्रथम केही महिना भित्रमै उक्त शाखा संख्यालाई दोब्बर बनाउने बैंकको योजना रहेको छ ।

आ.व. २०६४/०६५ मा बैंकको वित्तीय प्रगति उत्साहप्रद रहयो । यस अवधिमा बैंकले रु २८ करोड ६० लाखको उल्लेख्य सञ्चालन मुनाफा आर्जन गर्‍यो, जुन अघिल्लो आ.व. को तुलनामा ६४ प्रतिशतले वृद्धि भएको छ । यसै गरि बैंकले निक्षेप र लगानी तर्फ क्रमश : ५५ प्रतिशत र ५० प्रतिशत ले वृद्धि गरि रु १० अर्ब २५ करोड निक्षेप संकलन र रु ९ अर्ब ४८ करोड कर्जा प्रवाह गरेको छ ।

# प्रेस विज्ञप्ति

## <u>सिद्धार्थ बैंकको आठौं शाखा नारायणगढमा</u>

सिद्धार्थ बैंक लिमिटेडले नारायणगढ चितवनमा आठौं शाखा विस्तार गरेको छ । बैंक सञ्चालक समितिका अध्यक्ष श्री चिरञ्जी लाल अग्रवालले २०६५ श्रावण २० गते सोमवार उक्त शाखाको उद्‌घाटन गर्नु भयो ।

नारायणगढ शाखा माफर्त बैंकले यस क्षेत्रका सर्वसाधारण, उद्यमी तथा व्यवसायिलाई सर्वसुलभ रुपमा पुर्ण बैंकीङ्ग सेवा प्रदान गर्ने लक्ष्य लिएको छ । बैंकले लगानी तर्फ औद्योगिक कर्जा, व्यापारिक कर्जा, घर कर्जा, व्यक्तिगत कर्जा, सवारी कर्जा र शैक्षिक कर्जा जस्ता विविध कर्जा सुविधाहरु प्रदान गर्दै आएको छ । यसै गरि बचतकर्ताको सन्तुष्टीलाई सदैव उच्च प्राथमिकता दिने योजना अनुरुप बैंकले आकर्षक प्रतिफल दिने सिद्धार्थ मेगा सेभिङ्गस, सिद्धार्थ बाल बचत, सिद्धार्थ बचत र सिद्धार्थ विशेष बचत जस्ता बचत योजनाहरु सञ्चालनमा ल्याईसकेको छ भने निकट भविष्यमै थप आकर्षक बचत योजनाहरु सञ्चालनमा ल्याउने बैंकको योजना रहेको छ । यसका अतिरिक्त बैंकले डेवीट कार्ड र इन्टरनेट बैंकीङ्ग जस्ता आधुनिकतम बैंकीङ्ग सेवाहरु समेत प्रदान गर्दै आएको छ ।

विदेशमा कार्यरत नेपालीले आफ्नो कमाई छिटो, छरितो र सुरक्षित रुपमा परिवारजनको हातमा पुरयाउन सकुन भन्ने अभिप्रायले बैंकले सिद्धार्थ रेमिट नामक विप्रेषण सेवा सुरु गरेको छ ।

नारायणगढ शाखा समेत हाल बैंकको कुल शाखा संख्या ८ पुगेको छ र निकट भविष्यमा देशका विभिन्न स्थानमा शाखा विस्तार गरि शाखा संख्या दोब्बर बनाउने बैंकको योजना रहेको छ ।

आ.व. २०६४/२०६५ मा बैंकको वित्तीय प्रगति उत्साहप्रद रहयो । यस अवधिमा बैंकले रु २८ करोड ६० लाखको उल्लेख्य सञ्चालन मुनाफा आर्जन गऱ्यो, जुन अघिल्लो आ.व. को तुलनामा ६४ प्रतिशतले वृद्धि भएको छ । यसै गरि बैंकले निक्षेप र लगानी तर्फ क्रमश : ५५ प्रतिशत र ५० प्रतिशत ले वृद्धि गरि रु १० अर्ब २५ करोड निक्षेप संकलन र रु ९ अर्ब ४८ करोड कर्जा प्रवाह गरेको छ ।